# राजविराज नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय,

## राजविराज, सप्तरी

### मधेश प्रदेश, नेपाल

# आ.व.२०७९/८० बजेट

## मिति २०७९/०३/०९

राजविराज नगरपालिकाको छैठौं नगरसभाका सम्मानित सभा अध्यक्ष एवं नगर प्रमुखज्यू, नगर सभाका सदस्य ज्यूहरू सबैमा हार्दिक अभिवादन तथा सम्मान व्यक्त गर्दछु ।

नगरपालिकाको नगर उप-प्रमुख तथा बजेट तर्जुमा समितिको संयोजकको हैसियतले नगर सभाको यस बैठकमा आगामी आर्थिक वर्ष २०७९/८० को बजेट प्रस्तुत गर्न पाउँदा गौरवको महसुस गरेकी छु । यस महत्वपूर्ण अवसरमा मुलुकलाई सङ्घीय लोकतन्त्र गणतन्त्रको युगमा ल्याउने क्रममा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात महान शहीदहरू, मधेश आन्दोलनका शहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । यसका साथै यहि बैशाख ३० गते सम्पन्न आसन्न स्थानीय तह सदस्य निर्वाचन, २०७९ मा हामीलाई निर्वाचित गराउन सहयोग गर्नुहुने सम्पूर्ण राजविराज नगरवासीहरूलाई हृदयदेखि धन्यवाद दिन चाहन्छु ।

राजविराज नगरपालिकाको नवनिर्वाचित कार्यसमितिप्रति जनआकांक्षा धेरै छन् । नगरको सन्तुलित एवं समावेशी विकासमा टेवा पु्‍याउन तथा सम्पूर्ण नगरवासीले साकारात्मक परिवर्तनको अनुभूति गर्ने दिशातर्फ उन्मुख गराउन यो बजेटले महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने आशा राखेकी छु । नगरलाई समुन्नत र सन्तुलित बनाउनको लागि हामीसँग भएका साधन तथा स्रोतको पूर्ण उपयोग गरेर प्रतिफल दिने योजना तथा कार्यक्रमहरूमा बजेट विनियोजन गर्ने प्रयास गरेकी छु । यसले सबै पक्षहरूको चाहनालाई समेटने प्रयास गरिएको छ ।

अव आगामी आर्थिक वर्ष २०७९/८० को बजेटको उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**उपस्थित महानुभावहरू,**

अब म यस सभा समक्ष आगामी आर्थिक वर्ष २०७९/०८० का लागि प्रस्तावित आय व्ययको विवरण निम्नानुसार प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**<u>आय अनुमानतर्फ</u>**ः हाम्रा सामु उपस्थित समस्याहरूलाई एकैपटकको प्रयासमा समाधान गर्न सम्भव हुँदो रहेनछ । उल्लेखित नीति तथा कार्यक्रमहरूलाई कार्यरूप दिन तथा नगरवासीको माग बमोजिमका योजना तथा कार्यक्रमहरूका लागि सङ्घीय सरकार, प्रदेश सरकारबाट प्राप्त बजेट, आन्तरिक आम्दानी र दातृ निकाय एवं सङ्घसंस्थाबाट उपलब्ध भएको स्रोत अनुमान विवरणका आधारमा आ.व.

२०७९/०८० को कुल बजेट **रू. १ अर्ब ६२ लाख ८० हजार** रहेको छ ।

कुल बजेटमध्ये आन्तरिक आयतर्फ **रू. २ करोड २४ लाख**, मालपोत कार्यालय, सप्तरीबाट राजस्व बाँडफाड रकम **रू. १ करोड ७५ लाख** तथा प्रदेश तथा सङ्घीय वित्तीय समानीकरण अनुदानतर्फ **रू.२२ करोड ९९ हजार**, प्रदेश तथा सङ्घीय राजश्व बाँडफाड अनुदानतर्फ **रू. १३ करोड ११ लाख ८० हजार**, सङ्घीय शर्शत चालु तथा पुँजीगत अनुदानतर्फ रू. **३५ करोड ७५ लाख**, सङ्घीय शशर्त विशेष चालु तथा पुँजीगत अनुदानतर्फ **रू. ८ करोड ५ लाख**, सङ्घीय सम्पुरक पुँजीगत अनुदानतर्फ **रू. ४० लाख**, प्रदेश शशर्त अनुदानतर्फ **रू. २ करोड ५० लाख** , प्रदेश विशेष तथा सम्पुरक अनुदानतर्फ **रू. ५० लाख**, प्रदेश, सङ्घीय तथा अन्य अनुदानतर्फ **रू. ८ करोड ३६ लाख १ हजार**, सडक बोर्ड नेपाल चालु अनुदानतर्फ **रू. १ करोड**, युनिसेफ अनुदानतर्फ **रू. २० लाख**, गत बर्षको सडक बोर्ड नेपाल अनुदानतर्फ **रू. ४ करोड ७५ लाख** रहेको छ । जसको विस्तृत विवरण अनुसूचीमा समावेश गरिएको छ ।

**<u>व्यय अनुमानतर्फः</u>** माथि उल्लेखित शीर्षकमा प्राप्त हुने राजश्व रकमका आधारमा आगामी आर्थिक वर्ष २०७९/८० का लागि कुल चालु खर्चतर्फ (सङ्घीय शशर्त तथा विशेष चालु, विषयगत शाखा- कृषि, पशुपक्षी, स्वास्थ्य, शिक्षा, पञ्जीकरण तथा सामाजिक विकास, कर्मचारी

कल्याण कोष, वडा कार्यालय सञ्चालन खर्च, आधारभूत तथा सहरी स्वास्थ्य केन्द्र, गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज पोलिटेक्निक इन्स्टिटच्युट सञ्चालन अनुदान, पदाधिकारी सुविधा, वाल विकास शिक्षा अन्तर्गत शिक्षक तथा कर्मचारीहरूको तलब, नगरपालिकाका कर्मचारी तलब, भत्ता लगायत प्रशासनिक खर्च समेत गरी जम्मा **रू. ४८ करोड ४२ लाख ८० हजार** रहेको छ ।

कुल पुँजीगत तथा बाह्य स्रोत खर्चतर्फ (नगर स्तरीय योजना, वडा स्तरीय योजना, सम्पुरक कोष, फर्निचर, सरसफाई, खानेपानी, मेसिनरी, विपद् व्यवस्थापन, सङ्घीय तथा प्रदेश, शशर्त विशेष, सम्पुरक, नगरपालिका प्रशासनिक भवन, सडक बोर्ड नेपाल, युनिसेफ तथा अन्य पुँजीगत योजना समेत गरी जम्मा **रू. ५२ करोड २० लाख** रहेको छ ।

अब म कुल बजेटको संक्षिप्त विवरण पेश गर्न चाहन्छु ।

| क्र.सं. | कार्यक्रमको नाम | आ.व. २०७९/८० प्रस्तावित व्यय तर्फ |
|---|---|---|
| क | **आन्तरिक स्रोत, वित्तीय समानीकरण सङ्घीय तथा प्रदेश र राजस्व बाँडफाँड सङ्घीय तथा प्रदेश अनुदान समेतको चालुतर्फ** | |
| १ | चालु तर्फ (प्रशासनिक खर्च, तलब, भत्ता, कार्यालय सञ्चालन आदी) कर्मचारी कल्याण कोष, खर्च लगायत अन्य चालु खर्च) | १७ करोड ८२ लाख ८० हजार |
| २ | १६ वटै वडा कार्यालय सञ्चालन खर्च | १ करोड ७६ लाख |
| | **जम्मा** | **१९ करोड ५८ लाख ८० हजार** |
| | **वित्तीय समानीकरण, प्रदेश राजस्व बाँडफाँड अनुदान समेतको चालुतर्फ** | |
| | **आर्थिक तथा सामाजिक विकासतर्फ** | |
| | आधारभूत तथा सहरी स्वास्थ्य केन्द्र ( )३ वटा सञ्चालनमा | ५० लाख |
| | गजेन्द्रनारायण सिंह अस्पताल अनुदान खर्च | २५ लाख |

| | | |
|---|---|---|
| | पोलिटेक्निक सञ्चालन अनुदान | ८ लाख |
| | **जम्मा** | **८३ लाख** |
| | **मधेश प्रदेश समानीकरण अनुदानतर्फ** | |
| | विपन्न वर्गका महिला कार्यक्रम (सामाजिक विकास) | १२ लाख |
| | विपन्न वर्गका वालवालिका कार्यक्रम (सामाजिक विकास) | १० लाख |
| | विपन्न वर्गका अन्य जातजाति तथा अपाङ्ग कार्यक्रम (सामाजिक विकास) | १५ लाख |
| | नगरपालिका शाखागत (शिक्षा) | १५ लाख |
| | नगरपालिका शाखागत (स्वास्थ्य तथा महिला स्वास्थ्य स्वयंसेविका भत्ता खर्च समेत) | ३० लाख |
| | नगरपालिका शखागत (पशुपक्षी) | १० लाख |
| | नगरपालिका शाखागत (पञ्जीकरण) | ५ लाख |
| | नगरपालिका शाखागत (कृषि) | २० लाख |
| | जम्मा | **१ करोड १७ लाख** |
| **ख** | विषयगत शशर्त चालु अनुदान | |
| १ | शिक्षातर्फ तलब भत्ता तथा कार्यक्रम खर्च | १८ करोड ८४ लाख |

| | | |
|---|---|---|
| २ | स्वास्थ्यतर्फ तलब भत्ता तथा कार्यक्रम खर्च | ४ करोड ८७ लाख |
| ३ | पशुपक्षीतर्फ तलब भत्ता तथा कार्यक्रम खर्च | ३८ लाख |
| ४ | कृषि विभाग कार्यक्रम खर्च | ४२ लाख |
| ५ | श्रम तथा रोजगारी कार्यक्रम खर्च | १ करोड ३६ लाख |
| ६ | प्रशासकीय सुशासन कार्यक्रम खर्च | २१ लाख |
| ८ | उद्योग कार्यक्रम खर्च | २९ लाख |
| १० | भूमि व्यवस्था कार्यक्रम खर्च | २ लाख |
| ११ | युवा तथा खेलकुद कार्यक्रम खर्च | १ लाख |
| १३ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रम खर्च | ४४ लाख |

| | | |
|---|---|---|
| | जम्मा | **२६ करोड ८४ लाख** |
| | कुल चालु जम्मा | **४८ करोड ४२ लाख ८० हजार** |
| | **पुँजीगत तर्फ** | |
| ङ | **आर्थिक तथा सामाजिक विकासतर्फ** | |
| | **सङ्घीय समानीकरण तथा मधेश प्रदेश समानीकरण अनुदानतर्फ** | |
| | विपद ब्यबस्थापन कोष खर्च | ३० लाख |
| | निर्मित सार्वजनिक सम्पति सम्भार खर्च | १५ लाख |
| | फर्निचर तथा फिक्चर्स | २० लाख |
| | सवारी साधन | ५ लाख |
| | मेसिनरी औजार तथा अन्य उपकरण | १५ लाख |
| | खानेपानी सामान खर्च | १५ लाख |
| | सडकवत्ती सामान खर्च | ५० लाख |
| | सरसफाई सामान खर्च | १५ लाख |
| | गत वर्षको भुक्तानी दिनुपर्ने पुँजीगत खर्च | १३ लाख ९९ हजार |
| | **जम्मा** | **१ करोड ७८ लाख ९९ हजार** |
| | **आन्तरिक स्रोत, वित्तीय समानीकरण सङ्घीय** | |

| | | |
|---|---|---|
| | **तथा प्रदेश र राजस्व बाँडफाँड सङ्घीय तथा प्रदेश अनुदान समेतको चालुतर्फ** | |
| **च** | **भौतिक पूर्वाधारतर्फ हुने खर्चहरू** | |
| | नगर स्तरीय योजना खर्च | ५ करोड ७४ लाख |
| | अन्य भौतिक पूर्वाधार खर्च | ३० लाख |
| | १६ वटै वडाको वडा स्तरीय योजना खर्च | ८ करोड |
| | सम्पुरक कोष न.पा.तर्फको | १ करोड ७० लाख |
| | **जम्मा** | **१५ करोड ७४ लाख** |
| **छ** | **अन्य निकाय, मन्त्रालय, सङ्घीय तथा प्रदेश, पुँजीगततर्फ** | |
| | गत वर्षको मौज्दातबाट पुँजीगत खर्च | २ करोड ३६ लाख १ हजार |
| | सडक बोर्ड नेपाल (सडक मर्मत)चालु | १ करोड |
| | गत वर्षको सडक बोर्ड नेपाल मर्मत | ४ करोड ७५ लाख |
| | प्रदेश शसर्त खर्च | २ करोड ५० लाख |

| | | |
|---|---|---|
| **ज** | **सङ्घीय शशर्त पुँजीगत खर्च** | |
| | उर्जा कार्यक्रम खर्च | ८ लाख |
| | कृषि विभाग कार्यक्रम खर्च | ५० लाख |
| | खानेपानी तथा सरसफाई कार्यक्रम तर्फ | १ लाख |
| | पर्यटन कार्यक्रम तर्फ | १३ लाख |
| | प्रशासकीय सुशासन कार्यक्रम खर्च | १ करोड ४ लाख |
| | भवन, आवास तथा सहरी विकास कार्यक्रम खर्च | ७ करोड ७ लाख |
| | श्रम तथा रोजगारी कार्यक्रम खर्च | ४ लाख |
| | स्वास्थ्यतर्फ पुँजीगत कार्यक्रम खर्च | ४ लाख |
| | **जम्मा** | **८ करोड ९१ लाख** |

| | | |
|---|---|---|
| | सङ्घीय विशेष पुँजीगत खर्च | ६ करोड ५० लाख |
| | सङ्घीय सम्पुरक पुँजीगत खर्च | ४० लाख |
| | सङ्घीय विशेष चालु खर्च | १ करोड ५५ लाख |
| | प्रदेश विशेष तथा सम्पुरक कोष खर्च | ५० लाख |
| | अन्य निकाय/मन्त्रालयको भौतिक पूर्वाधार निर्माण खर्च (न.पा.प्रशाशनिक भवन निर्माण) | ६ करोड |
| | **जम्मा** | **३४ करोड ४७ लाख १ हजार** |
| **च** | **वैदेशिक स्रोत तथा युनिसेफ कार्यक्रम खर्चतर्फ** | |
| | युनिसेफ कार्यक्रम | २० लाख |
| | **जम्मा** | **२० लाख** |
| | **कुल पुँजीगत जम्मा** | **५२ करोड २० लाख** |
| | **कुल जम्मा बजेट** | **१ अर्ब ६२ लाख ८० हजार** |

उपस्थित महानुभावहरू कुनै एक क्षेत्रको विकासले मात्रै समग्र नगरको सन्तुलित विकास हुन नसक्ने वस्तुगत तथ्यलाई मनन गर्दै योजना तथा कार्यक्रम तय गर्दा सबै क्षेत्रलाई समेटने प्रयास गरिएको छ । यसबाट सबै क्षेत्रको सन्तुलित विकासमा टेवा पुग्न जाने विश्वास लिएका छौं । योजना तर्जुमा गर्नु मात्र महत्वपूर्ण विषय होइन यसको लक्ष्य एवं उद्देश्यहरू प्राप्तिका लागि प्रभावकारी कार्यान्वयन अनुगमन एवं मूल्याङ्कन जरुरी हुन्छ । त्यसका साथै आवश्यक क्षमता विकास, संस्थागत नीतिगत, कार्यविधिगत, सुधारका कार्यहरू समेत आवश्यक पर्न जान्छन् । यसका लागि आवश्यकता अनुसार सरकारी गैर सरकारी, नागरिक समाज, सञ्चारकर्मी, उपभोक्ता, नगरवासीको समेत संयुक्त सहभागितामा सम्पादित कामको गुणस्तरको सुनिश्चितता, पारदर्शिता एवं उत्तरदायित्व वहनमा थप टेवा पुग्ने विश्वास लिएका छौं ।

अन्त्यमा,

प्रस्तुत वजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण नगरवासी टोल विकास समिति, वडा नागरिक मञ्च, वडा सदस्य, महिला सदस्य, दलित महिला सदस्य, वडा अध्यक्षज्यूहरूलाई धन्यवाद दिन चाहन्छु । यस नगरसभाबाट प्रस्तुत नगर विकास योजनालाई सफल र प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि सम्वद्ध सबै पक्षबाट सहयोगको अपेक्षा सहित हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु हुने प्रमुख अतिथि

ज्यूहरू, विशिष्ट अतिथि ज्यूहरू, अतिथि ज्यूहरू तथा अन्य आमन्त्रित महानुभावहरू, सञ्चारकर्मी मित्रहरू, नगरवासी दाजुभाई दिदीबहिनीहरू प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

प्रस्तुत बजेट तर्जुमा गर्दा सहयोग गर्नुहुने नगर प्रमुख ज्यू, वडा अध्यक्षज्यू, राजश्व परामर्श समिति, बजेट तर्जुमा समिति, विषयगत समिति, नगरवासी, महिला बालबालिका कार्यालय प्रमुख, गैर सरकारी संस्था, विषयगत शाखालगायत सम्पूर्ण कर्मचारीहरूलाई सुझावका लागि म आभारी छु । यसै गरी समयमा सहयोग तथा अनुदान दिनु हुने सङ्घीय सरकार, प्रदेश सरकारप्रति आभार प्रकट गर्न चाहन्छु । यस नगरको सार्थक समुन्नत विकासमा समानन्त्तर सहयोग पुर्याउने सबै करदाता र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नियोग तथा संस्था साझेदारहरूप्रति समेत आभार प्रकट गर्न चाहन्छु ।

..............................

(इसरत परविन)

नगर उप-प्रमुख एवम्

बजेट तथा कार्यक्रम तर्जुमा

समिति संयोजक